# प्रदेश राष्ट्रिय वन ऐन, २०७६


बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# प्रदेश राष्ट्रिय वन ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६।०६।०२

<u>संशोधन गर्ने ऐन</u>

१. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

२. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ — २०७९।०४।३०

संवत् २०७६ सालको ऐन नं. १५

## प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** वनपैदावारको आवश्यकताको परिपूर्ती, सदुपयोग, स्वस्थ वातावरण प्रवर्द्धन र वातावरणीय सेवा प्रवाह गर्न राष्ट्रिय वन, भू-तथा जलाधार, जैविक विविधता, वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापनका लागि समुदायद्वारा व्यवस्थित विभिन्न वन व्यवस्थापन पद्धति अपनाई प्रदेशको समृद्धि, सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउन र निजी तथा सार्वजनिक जग्गामा वनको विकास र प्रबर्द्धनको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “प्रदेश राष्ट्रिय वन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(क) "आखेटोपहार" भन्नाले वन्यजन्तुहरुको जिवीत वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्ग सम्झनु पर्छ।

(ख) "कार्ययोजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वनपैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको यस ऐन बमोजिम स्वीकृत वन सम्बन्धी विभिन्न कार्ययोजना सम्झनु पर्छ।

(ग) "खनिजजन्य वनपैदावार" भन्नाले वन क्षेत्रमा भू-सतह वा भूगर्भ भित्र पाइने वा वनक्षेत्र भित्र भएर बग्ने खोला वा नदीमा रहेको वा पाइएको पेट्रोलियम र ग्याँस पदार्थ बाहेक चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक (इनअर्गानिक) पदार्थ सम्झनु पर्छ।

(घ) "गैरकाष्ठ वनपैदावार" भन्नाले काठ र दाउरा वा काष्ठजन्य बाहेक वनमा रहेका, पाइएका वा वनबाट ल्याइएका सबै वनपैदावार सम्झनु पर्छ र सो शब्दले जडीबुटी समेतलाई जनाउँनेछ।

(ङ) "गैर-व्यवसायिक कबुलियती वन" भन्नाले गरिबीका रेखामुनि रहेका समुदायलाई आय आर्जनका निमित्त दफा ५१ बमोजिम कबुलियती वनको रूपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनु पर्छ।

(च) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु स्रोतको संरक्षण, अध्ययन तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरु परस्थानमा प्रदर्शनमा राखी व्यवस्थापन गरिएको स्थान सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मान्यता अनुसार स्थापना गरिने प्राणी उद्यान (जुलोजिकल गार्डेन) समेतलाई जनाउँछ।

(छ) "जलाधार" भन्नाले प्रेसिपिटेशन वा पानी एकीकृत भई एउटै निकासबाट बग्ने पानीढलो क्षेत्र सम्झनु पर्छ। सो शब्दले कुनै नदी, खोला, खोल्सा आदिलाई निकासको आधार मानी त्यस्तो बहाव सँगसँगैको र सोभन्दा माथिल्लो क्षेत्र समेतलाई जनाउँछ।

(ज) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरु एक बासस्थानबाट अर्को बासस्थानमा आवत-जावत गर्ने बाटो सम्झनु पर्छ।

(झ) "टाँचा" भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्छ।

(ञ) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ठ) "धार्मिक वन" भन्नाले दफा ५५ बमोजिम परापूर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वनको निश्चित भू-भाग सम्झनु पर्छ।

(ड) "नदीजन्य पदार्थ" भन्नाले यस प्रदेशको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुंगा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो सम्झनु पर्छ।

(ढ) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्छ।

(ण) "निर्देशनालय" भन्नाले प्रदेश सरकारको वन निर्देशनालय सम्झनु पर्छ।

(त) "पट्टावाला" भन्नाले दफा ४९ बमोजिम वन सम्बन्धी पट्टा प्राप्त गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(थ) "पर्यापर्यटन" भन्नाले वन, वन्यजन्तु, वातावरण लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधिलाई सम्झनु पर्छ। सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने क्रियाकलापहरुलाई समेतलाई जनाउँछ।

(द) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(ध) "प्रदेश वन निर्देशक" भन्नाले वन निर्देशनालयको प्रमुख सम्झनु पर्छ।

(न) "प्रदेश सरकार" भन्नाले [◈]बागमती प्रदेशको सरकार सम्झनु पर्छ।

(प) "फाट्टफुट्ट रुख भएको" भन्नाले दश प्रतिशतभन्दा कम छत्र घनत्व भएको वन क्षेत्र सम्झनु पर्दछ।

(फ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वन सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालय सम्झनु पर्छ।

(ब) "राष्ट्रिय वन" भन्नाले प्रदेशभित्र रहेका सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, संरक्षित वन र प्रदेश सरकारद्वारा व्यवस्थित वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ।

(भ) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(म) "वन व्यवस्थापन पद्धति" भन्नाले राष्ट्रिय वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्वारा व्यवस्थित वन, चकला वन, संरक्षित वन, सामुदायिक वन, धार्मिक वन, व्यवसायिक कबुलियती वन, गैरव्यवसायिक कबुलियती वनलाई सम्झनु पर्छ।

---

[◈] केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(य) "वन सम्बन्धी पट्टा" भन्नाले दफा ४९ अन्तर्गत प्रदान गरिएको पट्टा सम्झनु पर्छ।

(र) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको वा वनसँग जोडिएको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेत सम्झनु पर्छ।

(ल) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्याउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपट सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह समेतलाई जनाउँनेछ।

(व) "वनपैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्छः-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला, पिपली वा

(२) रुख, बिरुवा, पात, डाँठ, फल, बीज, फूल, भूवा, जरा, गानो, बोक्रा, गम रेजिन, लोहवान, जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा सूक्ष्म अङ्ग वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिज जन्य पदार्थ वा

(४) वन्यजन्तु वा पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार।

(श) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनु पर्छः-

(१) कार्बन सञ्चिति,

(२) जैविक विविधताको संरक्षण,

(३) जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमको अन्य लाभ।

(ष) "व्यवसायिक कबुलियती वन" भन्नाले प्रचलित कानून बमोजिम स्थापित कुनै संस्था, वनपैदावारमा आधारित उद्योग वा समुदायलाई दफा ४७ बमोजिम उद्देश्यहरुका लागि कबुलियती वनको रूपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनु पर्छ।

(स) "सब-डिभिजन वन कार्यालय" भन्नाले डिभिजन वन कार्यालय अन्तर्गतको वन कार्यालय सम्झनु पर्छ।

(ह) "सरकारद्वारा व्यवस्थित वन" भन्नाले परिच्छेद- ३ बमोजिम प्रदेश सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय वन सम्झनु पर्छ।

(क्ष) "सामुदायिक वन" भन्नाले सामुहिक हितका लागि

आन्तरिक मामिला तथा कानून मन्त्रालय

वनको विकास, संरक्षण र उपयोग गर्न दफा ३३ बमोजिम सामुदायिक वन उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वन सम्झनु पर्छ।

(त्र) "सिमसार" भन्नाले भूमिगत जलस्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराइन फ्ल्डप्लेन), ताल (लेक), पोखरी (पोण्ड) र जलभण्डार क्षेत्र (वाटर स्टोरेज एरियाज) समेतलाई जनाउँछ।

✂(ज्ञ) ...........

(ज्ञ१.) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

## परिच्छेद- २

## राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था

३. **वन सिमाना लगाउन सकिने**: डिभिजनल वन अधिकृतले प्रचलित संघीय वन ऐनमा भएको व्यवस्था बमोजिम यस परिच्छेदमा लेखिएको कुराहरुका अधीनमा रही आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको सिमाना छुटयाई वन सिमाना चिन्ह लगाउन सक्नेछ।

४. **जग्गा प्राप्त गर्ने सूचना**: (१) दफा ३ बमोजिम राष्ट्रिय वनको सिमाना छुट्याउँदा सो वन वा त्यसको सिमानाको संरक्षणका निम्ति डिभिजनल वन अधिकृतले सो वनभित्रको वा सो वनको सिमानासँग

✂ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

जोडिएको सार्वजनिक वा कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा बनेको घर, छाप्रो समेत वनको सिमाना भित्र पारी छुट्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि डिभिजनल वन अधिकृतले मन्त्रालयको पूर्व स्वीकृति लिई सोको कारण र त्यस्तो जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक सूचना सम्बन्धित व्यक्तिको घर दैलोमा, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालयमा र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचनामा देहायका कुराहरु समेत खुलाउनु पर्नेछः-

(क) प्राप्त गरिने जग्गा वा घर, छाप्रोले ओगटेको क्षेत्रफल र चार किल्ला तथा जग्गाको किसिम,

(ख) त्यस्तो जग्गामा हकदैया भएको वा भोगचलन गरिरहेका सरोकारवाला व्यक्तिहरुले उक्त सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सत्तरी दिनभित्र डिभिजनल वन अधिकृत समक्ष आफ्ना हकभोगका प्रमाण सहित क्षतिपूर्तिको माग दावी गरी दरखास्त दिन आउनु पर्ने र सो म्याद भित्र दरखास्त दिन नआएमा पछि कुनै उजुर लाग्ने छैन।

**५. <u>घर जग्गा प्राप्त गर्ने कुरामा उजुर गर्नेः</u>** (१) दफा ४ को उपदफा (२) बमोजिम घर जग्गा प्राप्त गरिने कुराको सूचना टाँस भएकोमा सो सूचनामा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र निर्देशनालयमा उजुर दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) बमोजिम परेको उजूरीमा आवश्यक जाँचबुझ गरी निर्देशनालयले निर्णय गर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्देशनालयले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

६. **मुआब्जा वा क्षतिपूर्ति रकम निर्धारण र वितरणः** (१) यस परिच्छेद अन्तर्गत प्राप्त गरिने घर, छाप्रो र जग्गाको मुआब्जा वा क्षतिपूर्ति रकमको निर्धारण प्रचलित जग्गा प्राप्ति सम्बन्धी कानून बमोजिम गरिनेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएपछि डिभिजनल वन अधिकृतले त्यस्तो रकम लिन आउनु भनी सरोकारवालालाई सूचना दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको मुआब्जा वा क्षतिपूर्तिको रकम डिभिजनल वन अधिकृतले सरोकारवाला व्यक्तिलाई सरकारी कोषबाट दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको सूचना पाएको मितिले पैंतीस दिनभित्र क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ। त्यस्तो पुनरावेदनमा मन्त्रालयबाट भएको निर्णय अन्तिम हुनेछ।

(५) उपदफा (२) बमोजिमको सूचना पाएको वा उपदफा (३) बमोजिम निर्णय भएको मितिले पाँच वर्षभित्र उक्त क्षतिपूर्तिको रकम लिन नआएमा सो रकम सरकारी कोषमा जम्मा हुनेछ।

७. **घर जग्गा कब्जामा लिनेः** दफा ६ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको सूचना दिएपछि उक्त घर जग्गा

डिभिजनल वन अधिकृतले कब्जामा लिन सक्नेछ र सो मितिदेखि उक्त घर जग्गा प्रदेश सरकारको स्वामित्वमा हुनेछ।

८. **राष्ट्रिय वनको सिमानाभित्र निजी जग्गा पार्न र प्राप्त गर्नमा प्रतिबन्धः** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी जग्गा वा घर, छाप्रो राष्ट्रिय वनको सिमाना भित्र पार्दा वा त्यस्तो जग्गा वा घर, छाप्रो प्राप्त गर्दा देहायमा लेखिएको कुराहरुका अधीनमा रही गर्नु पर्नेछः-

(क) राष्ट्रिय वन बाहिर रीतपूर्वक दर्ता आवाद भैसकेको निजी जग्गा र त्यस्ता जग्गामा रहेका घर, छाप्रो भए सो समेत राष्ट्रिय वन वा त्यसको सिमानाको संरक्षणका लागि प्राप्त गर्न अत्यावश्यक भएमा बाहेक प्राप्त गरिने छैन,

(ख) खण्ड (क) बमोजिम जग्गा प्राप्त गर्दा कुनै एकै व्यक्तिको जग्गामध्ये तराई वा भित्री मधेश भए दुई बिगाहा र उपत्यका र पहाडमा भए चार रोपनी भन्दा बढी जग्गा प्रदेश सरकारको पूर्व स्वीकृति बेगर प्राप्त गरिने छैन र तराई वा भित्री मधेशमा पाँच बिगाहा र उपत्यका र पहाडमा दश रोपनी भन्दा बढी त्यस्तो जग्गा सो जग्गाधनीको मन्जुरीले बाहेक कुनै पनि अवस्थामा प्राप्त गर्न सकिने छैन,

(ग) चारैतिर राष्ट्रिय वनले घेरिएको वा राष्ट्रिय वनभित्रको कुनै व्यक्तिको नाममा दर्ता भैराखेको जग्गा वा घर, छाप्रो जतिसुकै भए पनि प्राप्त गरी राष्ट्रिय वनको सिमानाभित्र पारी छुट्याउन सकिनेछ।

९. **पुरै जग्गा प्राप्त गर्नेः** यस परिच्छेद बमोजिम जग्गाको केही भाग लिने कारबाही गर्दा सो जग्गाको धनीले पुरै जग्गा वा घर, छाप्रो

सरकारबाट लिइयोस् भनी निवेदन गरेमा र उक्त स्थानमा निवेदकको केवल दुई विगाहा वा सो भन्दा कम जग्गा रहेछ भने सो जग्गाको केही भाग मात्र लिने गर्नु हुँदैन। पूरै जग्गा वा घर, छाप्रो यस परिच्छेद बमोजिम गरी लिनु पर्नेछ।

१०. **अदालतले पाए सरहको अधिकार हुनेः** यस परिच्छेद बमोजिम आफू समक्ष पेश हुन आएको कुनै कुराको निर्णय गर्नका लागि सरोकारवाला व्यक्तिहरु र निजहरुको साक्षिहरुलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरुबाट लिखत गराउने समेत मन्त्रालय, निर्देशनालय, डिभिजनल वन अधिकृत र प्रचलित जग्गा प्राप्ति सम्बन्धी कानूनमा तोकिएको समितिलाई प्रचलित कानून बमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ।

११. **निजी जग्गाको लगत काट्नेः** (१) यस परिच्छेद बमोजिम कुनै व्यक्तिको निजी जग्गा प्राप्त गरी राष्ट्रिय वनभित्र पारी छुट्याइएपछि त्यसरी प्राप्त गरिएको निजी जग्गाको क्षेत्रफल, साँध, किल्ला, मौजा इत्यादि सबै विवरण खोली डिभिजनल वन अधिकृतले सम्बन्धित मालपोत वा गाउँपालिका वा नगर कार्यपालिकाको कार्यालयलाई जानकारी दिनु पर्नेछ र सो बमोजिम मालपोत वा गाउँपालिका वा नगरकार्यपालिकाको कार्यालयले पनि जग्गाको मालपोत वा करको लगत कट्टा गर्न कारबाही गरी त्यसको जानकारी प्रदेश सरकार र निर्देशनालयमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगत कट्टा हुने जग्गाको धनीले सो जग्गा राष्ट्रिय वन भित्र पारी छुट्याएको मितिदेखि सो जग्गाको मालपोत वा अरु कुनै किसिमको कर बुझाउनु पर्ने छैन।

१२. **बल प्रयोग गर्न सक्नेः** डिभिजनल वन अधिकृतले यस परिच्छेद बमोजिम कारबाही गर्दा वा जग्गा वा घर, छाप्रो कब्जामा लिँदा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्न सक्नेछ।

१३. **जग्गा दर्ता गर्न नहुने**: (१) राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) मा लेखिएको जग्गा दर्ता गरे गराएको पाइएमा दर्ता स्वतः बदर हुनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता बदर भएको जग्गाको विवरण मन्त्रालयमा पठाउनुका साथै लगत कट्टा गर्न डिभिजनल वन अधिकृतले सम्वन्धित मालपोत वा गाउँपालिका वा नगर कार्यपालिकाको कार्यालयलाई लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी आएको सात दिनभित्र सम्बन्धित मालपोत वा गाउँपालिका वा नगरपालिकाको कार्यालयले लगत कट्टा गरी सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग नेपाल सरकारको स्वीकृति बेगर गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ र त्यस्ता दर्ताको लगत कट्टा गरिनेछ।

(५) राष्ट्रिय वनभित्रको जग्गा कसैले दर्ता गरे गराएमा प्रचलित संघीय वन ऐनमा भएको व्यवस्था बमोजिम सजाय हुनेछ।

१४. **बस्ती स्थानान्तरण गर्न सक्ने**: (१) राष्ट्रिय वनको संरक्षणका लागि कुनै बस्ती वा गाउँ नै स्थानान्तरण गर्न आवश्यक ठानेमा प्रदेश सरकारले यस परिच्छेद बमोजिमको प्रक्रिया अपनाई स्थानान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण हुने बस्ती अन्यत्र वन क्षेत्रमा नै राख्नु पर्ने भएमा प्रदेश सरकारले नेपाल सरकारको सहमतिमा आवश्यक निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम वा यो ऐन प्रारम्भ हुनुअघि वन ऐन, २०४९ बमोजिम स्थायी रूपमा बसोबास र पुनर्वास गरिएका जग्गाहरुमा त्यस्तो जग्गा प्रदान गर्दाको बखतदेखि नै रहेका रुखहरु सरकारको स्वामित्वमा रहनेछन्। त्यस्ता रुखहरु प्रदेश सरकारले यथासम्भव चाँडो हटाउनु पर्नेछ।

**१५.** **राष्ट्रिय वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुनेः** (१) नेपाल सरकार वा प्रदेश सरकार वा डिभिजनल वन अधिकृतबाट पट्टा, पुर्जी वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(२) नेपाल सरकार वा प्रदेश सरकार वा डिभिजनल वन अधिकृतको आदेश बमोजिम बाहेक कुनै व्यक्तिले उपदफा (१) बमोजिम राष्ट्रिय वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टा गरी वा अरु कुनै प्रकारले हक छोडिदिनु हुँदैन।

**१६.** **राष्ट्रिय वन क्षेत्रमा प्रवेश निषेधः** वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले मन्त्रालयको स्वीकृति लिई राष्ट्रिय वनको कुनै भागमा निश्चित समयका लागि सूचना प्रकाशित गरी प्रवेश निषेध गर्न सक्नेछ।

तर डिभिजनल वन अधिकृतले तोकिदिएको बाटोबाट आवत जावत गर्न यसले कुनै प्रतिबन्ध लगाएको मानिने छैन।

**१७.** **राष्ट्रिय वनको व्यवस्थापनः** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको रणनीतिक योजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ। रणनीतिक योजना बनाउँदा सामुदायिक वनका प्रतिनिधिहरुलाई समेत सहभागी गराइनेछ।

(२) डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको व्यवस्थापन सरकारद्वारा व्यवस्थित वन, चकला वन, संरक्षित वन, सामुदायिक वन, धार्मिक वन, गैर-व्यवसायिक कबुलियती वन र व्यवसायिक कबुलियती वनको वन व्यवस्थापन पद्धति अपनाई गर्नेछ।

(३) प्रदेश सरकारले आवश्यक ठानेमा वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भइरहेको एउटा राष्ट्रिय वनको केही भाग वा पुरै भागलाई कुनै अर्को वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको वन व्यवस्थापन गर्दा वन्यजन्तुको वासस्थान व्यवस्थापनका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, चक्ला वन, संरक्षित वन व्यवस्थापन गर्दा सिल्भिकल्चर र वन व्यवस्थापनको सिद्धान्तमा रही कार्ययोजना बनाई सम्बन्धित निकायबाट स्वीकृत गराई ढलापडा, सुकेका, मरेका र उमेर पुगेका बुढा रुखहरु हटाइनेछ।

(६) उपदफा (५) बमोजिम कार्ययोजना कार्यान्वयन गर्दा कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समूहले पुर्नउत्पादनको सुनिश्चितता तथा वनको संरक्षण र सम्बर्द्धन गर्नु पर्नेछ।

(७) उपदफा (२) बमोजिम कार्ययोजना बनाउँदा पहाडी क्षेत्रमा हैसियत बिग्रेको वनमा वैज्ञानिक अध्ययन अनुसन्धानको आधारमा तोकिए बमोजिम प्रक्रिया पूरा गरी प्रजाति रुपान्तरण गर्न सकिनेछ।

१८. **<u>वनपैदावारको बिक्री वितरणः</u>** (१) प्रदेश सरकारले वनपैदावारमध्ये काठ र दाउराको बिक्री वितरण र आपूर्तिका लागि तोकिए बमोजिमको संरचना तयार गरी व्यवस्था गर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) प्रदेश सरकारले तोकिए बमोजिमको वनपैदावारमा आधारित उद्योगलाई तोकिए बमोजिम कच्चा पदार्थ उपलब्ध गराउन सक्नेछ।

(३) वनपैदावारको उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसार पसार गर्न तोकिएको निकाय वा अधिकारीले तोकिए बमोजिम इजाजत दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिए बमोजिम हुनेछ।

१९. **अध्ययन अनुसन्धानका लागि वनक्षेत्र उपलब्ध गराउन सक्नेः** (१) अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शन गर्ने अभिप्रायले सरकारी स्वामित्वमा रहेका अनुसन्धान गर्ने निकाय, विश्वविद्यालय वा शैक्षिक संस्थाले वनक्षेत्र माग गरेमा तोकिए बमोजिमको प्रक्रियाको आधारमा मन्त्रालयले सोही प्रयोजनका लागि निश्चित अवधि तोकी राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको वन क्षेत्रको तोकिएको दस्तुर प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

२०. **अध्ययन अनुसन्धानका लागि अनुमतिपत्र लिनु पर्नेः** (१) राष्ट्रिय वन क्षेत्रभित्र वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान तथा नमुना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नमुना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको दस्तुर प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

२१. **जडीबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सकिनेः** प्रदेश सरकारले जडीबुटी तथा सुगन्धित वनस्पतिको अध्ययन, अनुसन्धान, उत्पादन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदर्शनी र व्यवसायिक खेती प्रवर्द्धनका लागि प्रदेशमा तोकिए बमोजिमको एक जडीबुटी विकास तथा खेती अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ।

२२. **साझेदारीमा जडीबुटी खेती गर्न सकिने**: (१) प्रदेश सरकारले तोकिए बमोजिम सार्वजनिक निजी साझेदारीमा जडीबुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवं बजार प्रवर्द्धन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीमा गरिने जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि मन्त्रालयले रुख नभएको वा फाट्टफुट्ट रुख भएको राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ।

२३. **पर्यापर्यटन कार्यक्रम सञ्चालन**: (१) कुनै गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न र त्यस्तो वन पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपयुक्त देखिएमा प्रदेश सरकारले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई तोकिए बमोजिम सहमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वनक्षेत्र उपभोक्ता समूहद्वारा व्यवस्थापन हुँदै आएको भएमा सम्बन्धित उपभोक्ता समूहको पूर्व सहमति लिनु पर्नेछ।

२४. **सिमसार क्षेत्रको व्यवस्थापन**: डिभिजनल वन अधिकृतले राष्ट्रिय वनभित्र पर्ने सिमसार क्षेत्रलाई तोकिए बमोजिम व्यवस्थापन गर्न सक्नेछ र यस्ता सिमसार क्षेत्रमा तोकिए बमोजिम पर्यापर्यटन कार्यक्रम समेत सञ्चालन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## परिच्छेद- ३

## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

२५. **सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनाः** (१) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनका लागि डिभिजन वन कार्यालयले तोकिए बमोजिम कार्ययोजना तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले त्यस्तो कार्ययोजना डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित पठाएपछि सो कार्ययोजना निर्देशनालयले स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रमा लागू गर्नेछ।

(४) सरकारद्वारा व्यवस्थित वनको वन पैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ।

२६. **चकला वनः** (१) वनको उत्पादकत्व वृद्धि गर्ने प्रयोजनका लागि सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई डिभिजन वन कार्यालयले चार किल्ला तोकी चकला वनको रूपमा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गरिने चकला वन प्रदेश सरकारले तोकिए बमोजिम प्रतिस्पर्धाको आधारमा तोकिएको अवधिका लागि निजी तथा सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सङ्गठित सस्थाहरुसँगको साझेदारीमा समेत व्यवस्थापन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम चकला वनको व्यवस्थापनका लागि दफा २५ बमोजिम कार्ययोजना स्वीकृत गरी लागू गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थापन गरिने चकला वनको लागत तथा वनपैदावारको बाँडफाँट तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम व्यवस्थापन गरिने चकला वनको व्यवस्थापन कार्यमा कार्ययोजना विपरीत कार्य गरी वन क्षेत्रको हानि नोक्सानी गरेमा, वन तथा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने क्रियाकलाप भएको पाइएमा मन्त्रालयको स्वीकृति लिई डिभिजनल वन अधिकृतले साझेदारलाई हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम साझेदारलाई हटाउनु पूर्व सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(७) उपदफा (५) बमोजिमको हानि नोक्सानी भएको पाइएमा हटाइएका साझेदारलाई प्रचलित संघीय वन ऐन बमोजिम राष्ट्रिय वनमा कसूर गरे सरह कारबाही हुनेछ।

(८) उपदफा (५) बमोजिम साझेदारीबाट हटाउँदैमा उपदफा (७) बमोजिम राष्ट्रिय वनको कसूरमा कारबाही गर्न बाधा परेको मानिने छैन।

(९) उपदफा (२) बमोजिम निजी क्षेत्रसँग साझेदारीमा व्यवस्थापन गरिने चकला वन त्यस्तो अवधि समाप्त भएपछि तोकिए बमोजिम स्वतः निःशुल्क प्रदेश सरकारमा हस्तान्तरण हुनेछ।

२७. <u>सरकारद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्नमा प्रतिबन्धः</u> कार्ययोजनाले निर्दिष्ट गरेका कार्य तथा वन विकास कार्य बाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न पाइने छैन।

तर मन्त्रालयबाट स्वीकृत कार्यविधिको अधीनमा रही वैज्ञानिक अध्ययन वा अनुसन्धान गर्न बाधा परेको मानिने छैन।

## परिच्छेद- ४

## *<u>वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था</u>

२८. ✂.............

२९. ✂.............

३०. ✂.............

◆३०क. **<u>वन संरक्षण क्षेत्रको व्यवस्थापन:</u>** (१) वन संरक्षणको घोषणा, कार्ययोजना, त्यस्तो क्षेत्रको व्यवस्थापन प्रचलित सङ्घीय वन सम्बन्धी कानून अनुसार हुनेछ।

(२) साबिकमा प्रदेशमा रहेका संरक्षित वन स्वतः वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ।

३१. *<u>**वन संरक्षण क्षेत्रको उपभोक्ता समूह दर्ता:**</u> (१) दफा ३० बमोजिम गठन गरिएको उपभोक्ता समूह दर्ता गराउन उपभोक्ताले विधानसहित तोकिए बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागू हुनुभन्दा अगाडि दर्ता भै सञ्चालनमा रहेका प्रदेश भित्र रहेका सामुदायिक वन, धार्मिक वन, कवुलियती वन र *<u>वन संरक्षण क्षेत्र</u> यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

---

* केहि प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

✂ केहि प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

◆ केहि प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

३२. **<u>उपभोक्ता समूहको कोष</u>**: (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यका रकम,

(ग) वनपैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) जरिबानाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषमा प्राप्त भएको रकममध्ये कम्तीमा पचास प्रतिशत रकम *<u>वन संरक्षण क्षेत्रको</u> विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ।

(४) समूहले उपदफा (३) बमोजिम वनको विकासका निमित्त खर्च गरी कोषमा बाँकी रहेको रकम अन्य विकास कार्यमा खर्च गर्न सक्नेछ।

(५) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ५

## <u>सामुदायिक वन सम्बन्धी व्यवस्था</u>

३३. **<u>सामुदायिक वन हस्तान्तरण</u>**: (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा समूह भित्र स्वतन्त्र रुपले वनपैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाको

---

* केहि प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

सिफारिसमा डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ। त्यसरी सामुदायिक वन हस्तान्तरण गर्दा डिभिजनल वन अधिकृतले सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि डिभिजनल वन अधिकृतले उपभोक्ताहरुलाई परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

३४. **कार्ययोजना सम्बन्धी व्यवस्थाः** (१) दफा ३३ बमोजिम तोकिएको ढाँचामा तयार गरिएको कार्ययोजना समूहले डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

(२) सामुदायिक वनको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ।

(३) तीस हेक्टरभन्दा कम क्षेत्रफल भएको सामुदायिक वनको कार्ययोजना पुनरावलोकनको लागि उपभोक्ता समूहले तयार गरेको वन कार्ययोजना डिभिजनल वन अधिकृतले तोकेको अधिकृतबाट चेकजाँच गर्न लगाई सम्बन्धित सव डिभिजन कार्यालयको प्रमुख (अधिकृतस्तर) बाट स्वीकृत गराई लागू गर्नु पर्नेछ र सोको जानकारी सात दिनभित्र डिभिजन वन कार्यालयमा दिनु पर्नेछ।

(४) तीस हेक्टरभन्दा बढी क्षेत्रफल भएको सामुदायिक वनको पुनरावलोकनका लागि उपभोक्ता समूहले तयार गरेको वन कार्ययोजना सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

**३५. कार्ययोजनामा संशोधनः** (१) उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन सम्बन्धी कार्ययोजनामा आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधनको लिखित जानकारी डिभिजनल वन अधिकृतलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ।

**३६. सामुदायिक वन फिर्ता लिन सकिनेः** (१) दफा ३३ बमोजिम सुम्पिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित उपभोक्ता समूहलाई सफाइ पेश गर्ने मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले तोकिए बमोजिम प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजुरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) उपदफा (१) बमोजिम फिर्ता लिएको सामुदायिक वन सोही दफाको उपदफा (२) बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले साविककै उपभोक्ता समूहलाई पुनः सुम्पनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम फिर्ता लिएको सामुदायिक वन सोही दफाको उपदफा (२) बमोजिम तत्सम्बन्धी निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा ३३ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन सुम्पन सक्नेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरुले समुदायको हितका नाममा विधान र कार्ययोजना विपरीत कुनै काम कारबाही गरेमा त्यस्ता पदाधिकारीलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

(६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरुले समुदायको हितको नाममा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही गरेमा निजहरुलाई प्रचलित संघीय कानून बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन।

(७) उपभोक्ता समूहका पदाधिकारीलाई उपदफा (५) बमोजिम कारबाहीको सिलसिलामा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भएमा स्वतः निलम्वन हुनेछ।

३७. **<u>कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजायः</u>** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले समूहको स्वीकृत विधान र कार्ययोजना बमोजिम सजाय गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएकोमा विगो समेत असुल उपर गर्न सक्नेछ। तर उपभोक्ता समूहका सदस्यभन्दा बाहिरको व्यक्ति भएमा राष्ट्रिय वनमा कसूर गरे सरह प्रचलित संघीय कानून बमोजिमको सजाय हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरी भएको हानि नोक्सानीको आधारमा राष्ट्रिय वनमा कसूर गरे बमोजिमको सजाय हुन उपभोक्ता समूहबाट सिफारिस भई आएमा डिभिजनल वन अधिकृतले सोही बमोजिम कारबाही अगाडि बढाउन सक्नेछ।

३८. **सामुदायिक वनको वनपैदावार बिक्री वितरणः** (१) सामुदायिक वनको कार्ययोजना बमोजिम प्राप्त हुने वनपैदावारमध्ये समूहले आफ्ना सदस्यलाई बिक्री वितरण गरी खपत नभएको वनपैदावार तोकिए बमोजिम समूह बाहिर बिक्री वितरण गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम समूह बाहिर विक्री वितरण गर्ने वन पैदावार दफा १८ मा व्यवस्था भए बमोजिम हुनेछ।

(३) समूहभन्दा बाहिर बिक्री वितरण गरिएको वनपैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकमको दश प्रतिशत रकम सेवा शुल्क वापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(४) समूहभित्र खपत भएको वनपैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकमको शून्य दशमलव पाँच प्रतिशत रकम सेवा शुल्क बापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

३९. **वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन विकासका लागि बढीमा पाँच हेक्टरसम्म वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम पर्यापर्यटन कार्यक्रम सञ्चालनबाट प्राप्त शुल्कको दश प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

४०. **<u>सहयोग लिन सक्ने</u>**ः यस परिच्छेद बमोजिमको कार्यका लागि उपभोक्ता समूहले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग लिन सक्नेछन्।

तर त्यस्तो सहयोग लिनु अगावै प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

४१. **<u>सामुदायिक वनमा कबुलियती वन दिन सकिने</u>**ः (१) समूहले आफ्ना उपभोक्ताको आयआर्जनका लागि आफ्नो सामुदायिक वनको कुनै भाग तोकिए बमोजिम गरिबीको रेखामुनिका उपभोक्तालाई कबुलियती वनको रूपमा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कबुलियती वनको कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ।

## परिच्छेद- ६
## <u>सामुदायिक वन उपभोक्ता समूहको गठन सम्बन्धी व्यवस्था</u>

४२. **<u>सामुदायिक वन उपभोक्ता समूहको गठन</u>**ः (१) सामुहिक हितका लागि कुनै वनको विकास र संरक्षण गर्न तथा वनपैदावारको उपयोग गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरुले तोकिए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह गठन तथा विधान तयार गर्न माग भई आएमा डिभिजनल वन अधिकृतले प्राविधिक कर्मचारी खटाउन सक्नेछ।

(३) यस अघि संघीय वन ऐन, २०४९ अन्तर्गत दर्ता भएका समूहहरुको विवरण सम्बन्धित डिभिजन वन कार्यालयले अद्यावधिक गरी निर्देशनालय र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा समेत पठाउनु पर्नेछ।

४३. **<u>सामुदायिक वन उपभोक्ता समूहको दर्ता</u>**ः (१) दफा ४२ बमोजिम गठन गरिएको सामुदायिक वन उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ता समूहको विधान र सम्बन्धित गाउँपालिका वा

नगरपालिकाको सिफारिस साथ तोकिए बमोजिमको ढाँचामा डिभिजन वन कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा सामुदायिक वन दर्ताको प्रमाणपत्र दिनु पर्नेछ र सो को जानकारी निर्देशनालय र सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई समेत गराउनु पर्नेछ।

४४. **<u>सामुदायिक वन उपभोक्ता समूह सङ्गठित संस्था हुने</u>**: (१) दफा ४२ बमोजिम गठित उपभोक्ता समूह एक अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, सङ्गठित र समावेशीमूलक संस्था हुनेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले हरेक आर्थिक वर्षको तीन महिनाभित्रमा साधारण सभा गर्नु पर्नेछ।

४५. **<u>सामुदायिक वन उपभोक्ता समूहको कोष</u>**: (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यका रकम,

(ग) वनपैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) जरिबानाबाट प्राप्त रकम,

(ङ) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको रकम समूहले कम्तीमा पच्चीस प्रतिशत रकम सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम खर्च गरी बाँकी रहेको रकम अन्य विकास कार्यमा खर्च गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको रकम सामुदायिक वन उपभोक्ता समूहले सम्बन्धित गाउँपालिका वा नगरपालिकासँगको समन्वयमा खर्च गर्नु पर्नेछ।

(६) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. **प्रतिवेदन दिनु पर्नेः** (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा तोकिए बमोजिम सामुदायिक वनको स्थिति खुलाइएको वार्षिक प्रगति प्रतिवेदन र तीन महिना भित्रमा तोकिए बमोजिम वार्षिक आर्थिक प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिका र सव-डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनहरुको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिका र डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ।

## परिच्छेद- ७

## कबुलियती वन सम्बन्धी व्यवस्था

४७. **व्यवसायिक कबुलियती वन प्रदान गर्ने**: (१) प्रदेश सरकारले प्रचलित संघीय वन ऐनमा व्यवस्था भए बमोजिम देहायका उद्देश्यहरुका लागि राष्ट्रिय वनको कुनै भाग तोकिएको मूल्यमा नघट्ने गरी प्रतिस्पर्धाको आधारमा कबुलियती वनको रूपमा प्रदान गर्न सक्नेछः-

(क) वनपैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वनपैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली वा पशु फर्म सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्म वा प्राणी उद्यान सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न।

(२) उपदफा (१) मा उल्लेखित उद्देश्यहरुका लागि कबुलियती वन लिन चाहने प्रचलित कानून बमोजिम स्थापित सङ्गठित संस्था, सहकारी संस्था, उद्योग वा समुदायले आफूले कबोल गरेको रकम वार्षिक रूपमा तिर्नु पर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम कबुलियती वन प्राप्त गर्ने सङ्गठित संस्था, उद्योग वा समुदायले सेवा शुल्क बापत सेवाग्राहीबाट लिने रकमको शून्य दशमलव पाँच प्रतिशत रकम सरकारलाई बुझाउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै वन सम्बन्धी पट्टा प्राप्त गर्नेहरुले समेत यो ऐन लागू भएपछि उपदफा (३) बमोजिमको शुल्क तिर्नु पर्नेछ।

४८. **<u>व्यवसायिक कबुलियती वन प्रदान गर्ने सूचना</u>:** (१) डिभिजन वन कार्यालयले तयार गरेको रणनीतिक योजनाको आधारमा कबुलियती वन उपलब्ध गराउन सकिने वन क्षेत्रको विषयमा वन निर्देशनालयले आवश्यक विवरण सहितको सूचना निकाल्न सक्नेछ।

(२) प्रचलित कानून बमोजिम स्थापित, सङ्गठित संस्था, उद्योग वा समुदायले तोकिए बमोजिमको विवरण सहित प्रदेश वन निर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा प्रदेश वन निर्देशकले आवश्यक जाँचबुझ गरी प्रतिस्पर्धाको आधारमा कबुलियती वन उपलब्ध गराउन सूचना निकाल्नु पर्नेछ।

(४) उपदफा (१) र उपदफा (३) बमोजिमको सूचनामा निवेदक लगायत इच्छुक सबैले भाग लिन सक्नेछन्।

(५) सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र तोकिए बमोजिम आवश्यक जाँचबुझका लागि निर्देशनालयले मन्त्रालय मार्फत प्रदेश सरकारमा पेश गर्नेछ।

४९. **<u>व्यवसायिक कबुलियती वनको पट्टा</u>:** दफा ४७ बमोजिम प्रदेश सरकारबाट व्यवसायिक कबुलियती वन दिने गरी स्वीकृति प्राप्त भएमा मन्त्रालयले स्वीकृति प्राप्त भएको मितिले तीस दिन भित्र तोकिए बमोजिम वन सम्बन्धी पट्टा तयार गरी तोकिएको दस्तुर लिई

आन्तरिक मामिला तथा कानून मन्त्रालय

निवेदकलाई सो पट्टासहित कबुलियती वन प्रदान गर्न निर्देशनालयलाई जानकारी दिनेछ र निर्देशनालयले कबुलियती वनको पट्टा दिनु पर्नेछ।

५०. **व्यवसायिक कबुलियती वन फिर्ता लिन सकिने**: (१) दफा ४७ बमोजिम प्रदान गरिएको कबुलियती वनमा पट्टावालाले वन सम्बन्धी पट्टा बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन नगरेमा प्रदेश वन निर्देशकले तोकिए बमोजिम वन सम्बन्धी पट्टा खारेज गरी त्यस्तो कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ र हानि नोक्सानी भएको भएमा विगो समेत भराउनेछ।

तर त्यसरी वन सम्बन्धी पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित पट्टावालालाई आफ्नो सफाइ पेश गर्न मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश वन निर्देशकले गरेको निर्णय उपर चित्त नबुझ्ने पट्टावालाले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

५१. **गैर व्यवसायिक कबुलियती वन दिन सकिने**: (१) डिभिजनल वन अधिकृतले गरिबीका रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण गर्न र वनको संरक्षण र विकास हुने गरी तोकिए बमोजिम समूह गठन गरी राष्ट्रिय वनको फाट्टफुट्ट रुख भएको कुनै भाग तोकिए बमोजिमको प्रक्रिया पूरा गरी कबुलियती वनको रूपमा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्रदान गर्दा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो वन

आन्तरिक मामिला तथा कानून मन्त्रालय

कबुलियती वनको रूपमा प्रदान गर्न उपयुक्त देखेमा सोको निर्णय गरी निवेदकलाई दर्ता प्रमाणपत्र दिनु पर्नेछ। यसरी प्रदान गरिने कबुलियती वनको व्यवस्थापन सम्बन्धी कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कबुलियती वन प्रदान गर्दाको बखत रहेका रुखहरुको स्वामित्व सरकारको हुनेछ। ती रुखहरु संरक्षण गरे बापत सोबाट प्राप्त हुने आयको तोकिए बमोजिमको हिस्सा कबुलियती वन समूहलाई दिइनेछ।

(४) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कार्ययोजना बमोजिम समूहले लगाई हुर्काएका रुख विरुवाको स्वामित्व समूहको हुनेछ र समूहले उक्त रुखहरु तोकिए बमोजिम बिक्री वितरण गर्न सक्नेछ।

५२. **<u>गैर व्यवसायिक कबुलियती वन फिर्ता लिन सकिने</u>:** (१) दफा ५१ बमोजिम प्रदान गरिएको कबुलियती वनमा समूहले कार्ययोजनामा उल्लेख भए बमोजिमका कार्यहरु सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत कार्यहरु गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ र हानि नोक्सानी भएको भएमा विगो समेत भराउनेछ।

तर त्यसरी समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित समूहलाई आफ्नो सफाइ पेश गर्न मौका दिइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने समूहले प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजुरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

**५३.** **<u>कार्ययोजना विपरीत कार्य गर्नेलाई सजायः</u>** व्यवसायिक कबुलियती वनको पट्टावाला वा गैर-व्यवसायिक कबुलियती वन उपभोक्ता समूह वा अन्य कसैले कार्ययोजना विपरीतको कुनै काम गरेमा वा वनमा हानि नोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, संघ संस्था, समूह वा समुदायलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

**५४.** **<u>खनिज कार्यका लागि कबुलियतमा वन क्षेत्र दिन सकिनेः</u>** (१) राष्ट्रिय वन भित्र खनिज पदार्थ भए नभएको खोजतलास गर्नु पर्ने भएमा मन्त्रालयको सहमति लिनु पर्नेछ।

(२) खोजतलास कार्यबाट राष्ट्रिय वन भित्र खनिज पदार्थ रहेको भन्ने पत्ता लागी वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा खानी उत्खनन् कार्यका लागि अनुमति जारी गर्ने निकायले मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति जारी भएमा तोकिए बमोजिमको रकम लिई प्रदेश सरकारले निश्चित अवधिका लागि खनिज कार्य गर्न उत्खननकर्तालाई कबुलियतनामा गराई वनक्षेत्र उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम वनको प्रयोग गर्न स्वीकृति दिंदा कुनै व्यक्ति वा समुदाय वा वातावरणलाई हानि नोक्सानी हुने भएमा उत्खननकर्ताले तत्सम्बन्धमा उपयुक्त व्यवस्था गरी दिनु पर्नेछ।

(५) सरकारको खनिज कार्यसँग सम्बन्धित निकायले पहिचान गरी प्रमाणित गरेको स्थान र वनक्षेत्रभित्र बग्ने नदी बाहेक राष्ट्रिय वनक्षेत्र भित्रबाट निर्माणका लागि प्रयोग हुने ढुङ्गा, ग्राभेल, बालुवा जस्ता खनिज पदार्थ र माटो उत्खनन गरिने छैन्।

(६) खनिजजन्य वनपैदावारको उत्खनन्, सङ्कलन, ओसारपसार तथा बिक्री वितरण प्रचलित खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## धार्मिक वन सम्बन्धी व्यवस्था

५५. **धार्मिक वन सुम्पन सकिने**ः (१) परापूर्व कालदेखिको ऐतिहाँसिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यसको वरिपरिको राष्ट्रिय वन धार्मिक वनको रूपमा व्यवस्थापन गर्न चाहेमा राष्ट्रिय वनको निश्चित भाग प्रदेश सरकारले धार्मिक वनको रूपमा सुम्पन सक्नेछ।

(२) उपदफा (१) बमोजिम धार्मिक वन सुम्पदा उपभोक्ताहरुको परम्परागत हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

५६. **धार्मिक वनको कार्ययोजना**ः (१) दफा ५५ बमोजिमको प्रयोजनका लागि कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलेको कार्ययोजनासहित डिभिजन वन कार्यालय मार्फत स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) धार्मिक वन लिने निकायले आफ्नो धार्मिक वन भित्र कार्ययोजनामा उल्लेखित बाहेक अन्य कुनै काम गर्न पाइने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**५७.** **<u>धार्मिक वनमा वन सम्बन्धी कार्यको सञ्चालन</u>:** (१) धार्मिक वनमा रहेका वनपैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका सोही धार्मिक स्थलमा हुने धार्मिक कार्यमा उपयोग गर्न सक्नेछ।

तर सोही धार्मिक वनभित्र हुने धार्मिक कार्य वाहेक अन्य धार्मिक कार्यमा प्रयोग गर्नु पर्ने भएमा प्रदेश सरकारले निर्णय गर्नेछ।

(२) धार्मिक वनभित्र वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रूपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न वा कुनै भौतिक पूर्वाधार निर्माण गर्न पाइने छैन।

(३) कुनै प्राकृतिक विपत्ति वा अन्य कारणबाट धार्मिक वनमा भएको रुखहरु सुकेमा वा ढलेमा डिभिजनल वन अधिकृतले त्यस्ता रुखहरु सङ्कलन गरी आएका वनपैदावारहरुमध्ये धार्मिक कार्यलाई आवश्यक पर्ने वनपैदावार सम्बन्धित धार्मिक निकायलाई हस्तान्तरण गरी बाँकी रहेको वनपैदावार नियमानुसार बिक्री वितरण गर्न सक्नेछ। त्यस्तो बिक्री वितरणबाट प्राप्त रकम सरकारको सञ्चित कोषमा जम्मा गरिनेछ।

**५८.** **<u>धार्मिक वन फिर्ता लिन सकिने</u>:** (१) दफा ५५ बमोजिम सुम्पिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ५६ र दफा ५७ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नु पर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई सफाइ पेश गर्ने मौका दिइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) बमोजिम भएको निर्णय उपर चित्त नबुझेमा धार्मिक निकाय, समूह वा समुदायले तोकिए बमोजिम प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजूरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद- ९

## निजी तथा सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था

५९. **निजी वन सम्बन्धी व्यवस्थाः** (१) निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वनपैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) निजी वन धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ।

(३) निजी वन तथा वनपैदावार उपयोग सम्बन्धमा तेरो मेरोको विवाद परेमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले छिनोफानो गर्नेछ।

(४) कसैले आफ्नो निजी वनको नाममा राष्ट्रिय वन हानि नोक्सानी गरेमा वा वन क्षेत्र अनाधिकृत रूपमा कब्जा गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

६०. **निजी वनको प्रमाणपत्रः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ता गराई पाउँ भनी गाउँपालिका वा नगरपालिकामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका निवेदनमा सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिसमा आवश्यक लगत खडा गरी गाउँपालिका वा नगरपालिकाले तोकिए बमोजिम प्रमाणपत्र दिनेछ र सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) संघीय वन ऐन, २०४९ अन्तर्गत दर्ता भएको निजी वन धनीले पनि यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ।

६१. **निजी वनको वन पैदावार ओसारपसारः** (१) व्यवसायिक प्रयोजनका लागि निजी वनको वन पैदावारको ओसारपसार गर्दा सम्बन्धित सब-डिभिजन वन कार्यालयबाट सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवसायिक प्रयोजनका लागि निजी वनपैदावार ओसारपसार गर्दा व्यवसायीबाट तोकिएको राजस्वको दुई प्रतिशत रकम सेवा शुल्क बापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

६२. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका वा नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वनपैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(२) गाउँपालिका वा नगरपालिकालाई उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद- १०

## बेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

६३. **हकको प्रमाण नपुग भएसम्म काठ प्रदेश सरकारको ठहर्नेः** (१) बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको सबै काठ टाँचा निशानाहरु लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेका काठहरु कसैले आफ्नो हक प्रमाण नपुऱ्याएसम्म प्रदेश सरकारको सम्पत्ति ठहरिनेछ।

(२) उपदफा (१) बमोजिमका काठहरु डिभिजनल वन अधिकृतले बेवारिसी वा दरिया बुर्दी काठ कुनै सुरक्षित स्थानमा घाटगद्दी गराउन सक्नेछ।

६४. **<u>बेवारिसी वा दरिया बुर्दी काठको सूचना</u>**: दफा ६३ को उपदफा (२) बमोजिम बेवारिसी वा दरिया बुर्दी काठ घाटगद्दीमा जम्मा भएपछि त्यस्तो काठको पूरा विवरण र लगतसहितको सूचना सम्बन्धित डिभिजनल वन अधिकृतले सम्बन्धित सब-डिभिजन वन कार्यालयमा टाँस गर्नु पर्नेछ र त्यस्तो काठमा हकदावी गर्नेले पन्ध्र दिनभित्र आफ्नो हकदावीको सबुत प्रमाण सहितको दरखास्त सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

६५. **<u>हकदावी उपर कारबाही</u>**: (१) दफा ६४ बमोजिम कसैको दरखास्त पर्न आएमा सम्बन्धित डिभिजनल वन अधिकृतले आवश्यक तहकिकात गरी गराई दरखास्तवालाको हकदावी भए नभएको कुराको निर्णय गरी त्यसको सूचना दरखास्तवालालाई दिनु पर्नेछ र कसैको हकदावी ठहरेमा त्यस्तो काठ घाटगद्दीमा ल्याउन र जम्मा गर्न लागेको खर्च निजबाट असुल उपर गरी काठ निजलाई नै सुम्पिदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले हकदावी नपुगेको भनी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ।

(३) कुनै काठमा कसैको हकदावी अस्वीकार गरेको वा त्यस्तो काठ रोकेको वा हराएबाट हुन गएको नोक्सानीको हर्जाना सरकार वा सम्बन्धित डिभिजनल वन अधिकृतबाट दावी गर्न पाइने छैन।

(४) कसैको हकदावी नपुगेका बेवारिसी वा दरिया बुर्दी काठ दाउरा दफा १८ बमोजिम बिक्री वितरण गरिनेछ।

## परिच्छेद- ११

## जडीबुटी एवं गैरकाष्ठ वनपैदावार विकास बोर्ड सम्बन्धी व्यवस्था

६६. **बोर्डको स्थापना**: जडीबुटी व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धनमा समन्वय, सहजीकरण र मार्ग निर्देशन गर्न प्रदेशमा एक जडीबुटी एवं गैरकाष्ठ वनपैदावार विकास बोर्ड रहनेछ।

६७. **बोर्ड स्थापनाको उद्देश्य**: बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, दीगो व्यवस्थापनका लागि अध्ययन अनुसन्धानमा टेवा पुर्याउने,

(ख) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेतीलाई प्रोत्साहन गरी वनस्पतिक प्रजातिहरुको परस्थानीय संरक्षण मार्फत राष्ट्रिय आय एवं रोजगारी अभिवृद्धिमा टेवा पुऱ्याउने,

(ग) स्थानीय स्तरमै प्रारम्भिक प्रशोधन लगायतका मूल्य अभिवृद्धिका कार्यहरु गरी दुर्गम तथा अति दुर्गम र ग्रामीण क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु बढाउने,

(घ) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको व्यवसायमा निजी क्षेत्रलाई आकर्षित गर्ने,

(ङ) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादनलाई व्यवसायिक रूपमा प्रतिस्पर्धात्मक तुल्याउन आवश्यक पर्ने पुँजी, पूर्वाधार, प्राविधिक ज्ञान र सीपको विकास तथा बजार व्यवस्थापनमा सहयोग पुऱ्याउने,

(च) नीतिगत विषयमा सम्बन्धित निकायलाई सुझाव दिने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

६८. **बोर्डको काम, कर्तव्य र अधिकारः** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जडीबुटी एवं गैरकाष्ठ वनपैदावार तथा वनस्पति स्रोतको अध्ययन, अनुसन्धान, विकास र उपयोगको नीति तर्जुमा गर्न प्रदेश सरकारलाई सुझाव दिने,

(ख) प्राकृतिक रूपमा रहेको जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको प्राकृतिक स्रोतको सर्वेक्षण गरी संकलन गर्ने उपयुक्त मापदण्डका प्रणालीहरु (गुड हार्भेस्टिङ्ग प्रेक्टिसेज) को विकास गर्ने,

(ग) स्वस्थानीय र परस्थानीय पद्धतिद्वारा जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको व्यवस्थापन गरी लोप हुन लागेका वनस्पतिको संरक्षण गर्ने,

(घ) वनस्पति तथा वनस्पति स्रोतको संरक्षण तथा खेती प्रविधि विकास सम्बन्धी अध्ययन अनुसन्धान र प्रचार प्रसार सम्बन्धी काम गर्ने,

(ङ) जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको स्रोत सर्वेक्षण, अनुसन्धान, प्रविधि विकास, मूल्य अभिवृद्धि, बजार व्यवस्थापन, तालिम तथा प्रचार प्रसार आदि कार्यक्रमहरु सञ्चालन गर्ने,

(च) विभिन्न गैरसरकारी तथा निजी क्षेत्रबाट भइरहेको जडीबुटी एवं गैरकाष्ठ वनपैदावार सम्बन्धी कार्यहरुको समन्वय तथा अनुगमन गर्ने,

(छ) जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको क्षेत्रमा स्वदेश तथा विदेशमा भएका क्रियाकलापहरुको स्थिति बारे

आन्तरिक मामिला तथा कानून मन्त्रालय

जानकारी अद्यावधिक राख्ने तथा विभिन्न संघ, संस्था एवं सम्बद्ध निकायहरु माझ यस सम्बन्धी सूचना आदान प्रदान गर्ने,

(ज) व्यवसायीकरण हुन सक्ने सम्भाव्य जडीबुटी र गैरकाष्ठ वनपैदावारको अनुसन्धानद्वारा सर्वेक्षण तथा पहिचान गरी तिनीहरुको खेती प्रविधि विकास गर्ने,

(झ) वनस्पतिमा पाइने औषधिजन्य, सुगन्धित तेल र अन्य उपयोगी गुणहरुका सारतत्वको पहिचान गर्न अनुसन्धान गर्ने र अनुसन्धान भइसकेका त्यस्ता तत्वहरुको व्यवसायीकरणमा सहयोग गर्ने,

(ञ) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको संरक्षण तथा व्यवस्थापन सम्बन्धी गुरुयोजना तयार गर्न सहयोग गर्ने,

(ट) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको माग र आपूर्ति बारे अध्ययन गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

६९. **<u>बोर्ड स्वशासित संस्था हुने</u>:** (१) बोर्ड एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) बोर्डको सबै काम कारबाहीका लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) बोर्डको गठन प्रकृया तोकिए बमोजिम हुनेछ।

(६) बोर्डको संरचना देहाय बमोजिमको हुनेछः-

(क) प्रदेशको वन सम्बन्धी विषय हेर्ने मन्त्रालयका मन्त्री -अध्यक्ष

(ख) प्रदेशको वन सम्बन्धी विषय हेर्ने मन्त्रालयका राज्य मन्त्री/सहायक मन्त्री -उपाध्यक्ष

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिव -सदस्य

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव -सदस्य

(ङ) प्रदेशको कृषिसम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य

(च) प्रदेशको वन सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य

(छ) वन, जडीबुटी तथा गैरकाष्ठ वन पैदवार विषयमा अनुभव प्राप्त मध्येबाट प्रदेश सरकारले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित तीन जना विज्ञ -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ज) उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना -सदस्य

(झ) नेपाल घरेलु तथा साना उद्योग महासंघको प्रतिनिधि एक जना -सदस्य

(ञ) कार्यकारी अधिकृत -सदस्य-सचिव

(७) बोर्डको सम्पूर्ण काम कारबाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नका लागि खुला प्रतिस्पर्धाबाट एक कार्यकारी अधिकृतको नियुक्ति गरिनेछ। कार्यकारी अधिकृतको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

(८) बोर्डलाई आवश्यक पर्ने कर्मचारीको व्यवस्थापन मन्त्रालयले गर्नेछ।

७०. **सेवा शुल्क लिन सक्ने**ः बोर्डले व्यवसायीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा बापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

७१. **बोर्डको कोष**ः (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग वा अनुदान,

(ग) स्वदेशी तथा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार,

(घ) व्यवसायमा संलग्न रहेका संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग अनुदान वा उपहार,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ङ) व्यवसायीहरूलाई प्रदान गरेको सेवा तथा परामर्श बापत प्राप्त गरेको सेवा शुल्क,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी संघ संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, दान, दातव्य वा उपहार लिनु अगावै बोर्डले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

(५) बोर्डको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

७२. **<u>लेखा र लेखापरीक्षण</u>**: (१) बोर्डको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) बोर्डको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको कुनै लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(३) बोर्डले आफ्नो वार्षिक कारोबारको स्थिति, वासलात, लाभ, हानि र अन्य हरहिसाबका सम्बन्धमा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नेछ।

७३. **<u>प्रदेश सरकारले अनुदान दिन सक्ने</u>**: (१) प्रदेश सरकारले बोर्डलाई आवश्यक रकम अनुदानका रूपमा दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले आफ्नो कार्यक्रम सञ्चालन गर्न आर्थिक रूपमा सक्षम छ भन्ने लागेमा उपदफा (१) बमोजिमको रकम प्रदान गर्न प्रदेश सरकार बाध्य हुने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

७४. **<u>वार्षिक प्रतिवेदनः</u>** (१) कार्यकारी प्रमुखले बोर्डको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय र बोर्ड समक्ष प्रस्तुत गर्नु पर्नेछ र यस्तो प्रतिवेदनको एक प्रति प्रदेश सरकारलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(२) कार्यकारी प्रमुखले उपदफा (१) मा उल्लेख भए बमोजिमको बोर्डको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद- १२

## <u>वन्यजन्तु संरक्षण सम्बन्धी व्यवस्था</u>

७५. **<u>जैविक मार्ग तोक्न सक्नेः</u>** (१) प्रदेश सरकारले आवश्यक ठानेमा राष्ट्रिय वनको कुनै क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जैविक मार्ग घोषणा गर्न सक्नेछ।

(२) जैविक मार्गको संरक्षण र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७६. **<u>कृषिका निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्न सकिनेः</u>** (१) प्रदेश सरकारले नेपाल सरकारको सहमतिमा कुनै खास क्षेत्रमा खास समयका लागि प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन बमोजिमका संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु तथा पंक्षीलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कृषिको निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्न सक्नेछ र त्यसरी हानिकारक घोषणा गरिएका वन्यजन्तु तथा पंक्षीहरुलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधीनमा रही खेत, खोला, बारीमा विना अनुमति लखेट्न, धपाउन, पक्रन सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा पक्रिएको कुनै वन्यजन्तु तत्काल नजिकको वन कार्यालयमा बुझाउनु पर्नेछ।

७७. **चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न सकिने**: (१) कुनै संस्था, निकाय वा स्थानीय तह, समुदायले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु स्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान तथा उद्धार गरिएका वन्यजन्तुहरुको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहेमा प्रदेश सरकारले अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुमति नलिई वा उपदफा (२)बमोजिमको न्यूनतम मापदण्ड पूरा नगरी चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेको पाइएमा प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ।

(४) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७८. **वन्यजन्तुबाट हुने क्षति बापत राहत दिइने**: प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रमा तोकिएका वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति बापत पीडितलाई तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ।

७९. **वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सकिने**: (१) कुनै व्यक्ति वा निकायले समस्याग्रस्त, असहाय, नरभक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि मन्त्रालयबाट अनुमति लिई वन्यजन्तु अस्पताल वा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) बमोजिम कार्य गर्ने नाममा कुनै पनि व्यक्ति वा निकायले अन्य वन्यजन्तुको अवैध व्यापार गर्न पाइने छैन। यसरी सो कार्य गरे गराएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १३

## जलाधार व्यवस्थापन

८०. **जलाधारको वर्गीकरण गर्ने:** (१) जलाधारको अवस्थिति, उचाई, भिरालोपन, भू-क्षयको संवेदनशीलता, वन जङ्गलले ढाकेको क्षेत्र, पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, जनसंख्या वृद्धिदर र जलाधार क्षेत्रमा रहेको स्रोतमाथिको मानवीय चाप र प्राकृतिक प्रकोपको जोखिम समेतको आधारमा जलाधार क्षेत्रलाई तोकिए बमोजिम निर्देशनालयले वर्गीकरण गर्न सक्नेछ।

(२) निर्देशनालयले उपदफा (१) बमोजिम वर्गीकृत जलाधार क्षेत्रको नदी प्रणालीमा आधारित तोकिए बमोजिमको व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

८१. **संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्ने:** (१) राष्ट्रिय वन सहितको कुनै क्षेत्र जलाधार संरक्षणका लागि आवश्यक देखेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी चार किल्ला खुलाई संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको सिमाना आवश्यकता अनुसार प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ।

(३) संरक्षित जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) निर्देशनालयले उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको कार्ययोजना तयार गरी गराई मन्त्रालयबाट स्वीकृति गराई लागू गर्नु गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कसैले पनि संरक्षित जलाधार क्षेत्रमा संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन हुँदैन।

## परिच्छेद- १४

## अपराध र दण्ड सजाय तथा कसूरको जाँचबुझ र कार्यविधि सम्बन्धी व्यवस्था

८२. **अपराध र दण्ड सजाय तथा कसूरको जाँचबुझ र कार्यविधि:** (१) यस ऐन बमोजिम वा प्रचलित संघीय कानून बमोजिमको कसूर अपराधमा संघीय कानूनमा व्यवस्था भए बमोजिम दण्ड सजाय हुनेछ।

(२) यस ऐन बमोजिम वा प्रचलित संघीय कानून बमोजिमको कसूर अपराधमा कसूरको जाँचबुझ र कार्यविधि संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद- १५

## विविध

८३. **प्राविधिक सहयोग दिने:** कुनै उपभोक्ता समूह, पट्टावाला, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले वनको विकास र संरक्षणका लागि कुनै प्राविधिक सहयोग माग गरेमा सम्बन्धित डिभिजनल वन अधिकृतले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

८४. **प्रतिबन्ध लगाउन सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता र वातावरण संरक्षणका लागि तोकिएका वनपैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरणमा प्रतिबन्ध लगाउन सक्नेछ।

८५. **राहत सम्बन्धी व्यवस्था:** वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाइते भएमा तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ।

८६. **वातावरणीय सेवाको व्यवस्थापन:** वनबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

८७. **सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था:** नेपाल सरकारले राष्ट्रिय वनको सुरक्षाका लागि व्यवस्था गरेको सशस्त्र वन रक्षकको परिचालन प्रदेश सरकारबाट हुनेछ।

८८. **भ्रष्टाचारमा कारबाही हुने:** यस ऐन अन्तर्गत गठित उपभोक्ता समूहको पदाधिकारी वा सदस्यले कोषको रकम दुरुपयोग वा हिनामिना गरेमा प्रचलित भ्रष्टाचार नियन्त्रण ऐन बमोजिम कारबाही हुनेछ।

८९. **असल नियतले काम गरेकोमा बचाउ:** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन।

९०. **अधिकार प्रत्यायोजन:** कुनै निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

९१. **नियम बनाउने अधिकार:** यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

९२. **कार्यविधि र निर्देशिका बनाउन सक्ने:** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि र निर्देशिका बनाई लागू गर्न सक्नेछ।

९३. **यसै ऐन बमोजिम हुने**: यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित संघीय कानून बमोजिम हुनेछ।

९४. **बचाउ:** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि संघीय वन ऐन, २०४९ उक्त ऐन बमोजिम बनाइएको नियम वा निकालिएको आदेश अन्तर्गत प्रदेश सरकार वा मन्त्रालय र अन्तर्गतका कार्यालयद्वारा गरिएको काम यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

(२) प्रचलित संघीय कानून बमोजिम भएका र प्रदेश अन्तर्गत कार्य सम्पादन गर्ने गरी हस्तान्तरण भई आएका कार्यको हकमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय